लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.lumbini.gov.np

पत्र संख्याः २०८२/८३
सूचना नं.- ०७/०८२-८३

**प्रदेशभित्र रहेका जिल्लाको प्राथमिकता प्राप्त कृषिमा नयाँ ब्लक विकास कार्यक्रम संचालनका लागि ब्लक क्षेत्र निर्धारणका लागि प्रस्ताव आव्हानको सूचना**

**दोस्रो पटक प्रकाशन मितिः २०८२।०८।२२**

कृषि ज्ञान केन्द्र, बाँकेको आ.व.२०८२।८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जिल्लामा प्राथमिकता प्राप्त बाली/बस्तुमा **परियोजना कार्यान्वयन म्यानुअल पहिलो संशोधन २०८१** को व्यवस्था बमोजिम **प्रदेशभित्र रहेका जिल्लाको प्राथमिकता प्राप्त कृषिमा नयाँ ब्लक विकास कार्यक्रम** रहेकोमा उक्त कार्यक्रम संचालन गर्नको लागि सूचना प्रकाशन हुनु पूर्व दर्ता भएका ईच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनी, वन/जल उपभोक्ता समितिहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल पहिलो संशोधन २०८१ को अनुसूची ६ र ७ अनुसारको कागजात तयार गरी सम्बन्धित स्थानीय तहको शिफारिसमा यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/०९/०७) भित्र प्रस्ताव पेश गर्नु हुन सबै योग्य आवेदकहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन पेश गर्दा संलग्न गर्नु पर्ने परियोजना कार्यान्वयन म्यानुअल पहिलो संशोधन २०८१ को अनुसूची ६ र ७ र कार्यालयले माग गरेका अनुसारको कागजात तथा मापदण्डका लागि कार्यालयको सूचना पाटि वा कार्यालयको वेभसाइटः https://akcbanke.lumbini.gov.np/ वा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाको वेभसाइटःpmamp.gov.np बाट सम्बन्धित कार्यविधीहरु डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मापदण्डहरुः

| क.स. | बाली/बस्तु | ब्लक संचानको लागि न्यूनतम मापदण्ड | संचालन हुने क्रियाकलपाहरु | कार्यक्रम संचालनको लागत साझेदारी |
|---|---|---|---|---|
| १ | नयाँ ब्लक विकास कार्यक्रम संख्या - १ | मकै बाली : १५० हेक्टर, | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुयल पहिलो संशोधन २०८१ को तालिका ४ अनुसारका क्रियाकलापहरु | कृषि उत्पादन सामाग्रीहरु वीउ, वेर्ना, विरुवा, रसायनिक एवम जैविक विषादी, सुक्ष्मतत्व लगायतका क्रियाकलापहरुमा कार्यक्रमको कुल लागतको ५० प्रतिशत अनुदान,<br>प्राविधिक सहयोग :बढिमा १०० प्रतिशत अनुदान,<br>प्रयोगशाला सेवाहरुः बढिमा ८५ प्रतिशत अनुदान,<br>कृषि औजार तथा उपकरणहरु : बढिमा ५० प्रतिशत अनुदान,<br>साना सिचांई पूर्वाधारहरु : बढिमा ८५ प्रतिशत अनुदान,<br>उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु : बढिमा ८५ प्रतिशत सम्म अनुदान<br>नविनतम प्रविधिको बस्तारः बढिमा ८५ प्रतिशत सम्म अनुदान |

नोटः कार्यक्रम संचालन सम्बन्धि अन्य विषयहरु प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल, पहिलो संशोधन २०८१ अनुसार हुनेछ। यस भन्दा अगाडी सुपरजोन, जोन तथा ब्लक लागु भएको क्षेत्रमा कार्यक्रम संचालन गर्न नसिकने तर माथि उल्लेखित बालीमा पकेट विकास कार्यक्रम संचालन भएको क्षेत्रलाई प्राथमिकता दिने ।

<u>संलग्न गर्नु पर्ने कागजातहरूः</u>

१. प्रस्तावकको निवेदन (अनुसूचि ६ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्ने)

२०८२/०८/२२
डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-प्रमुख निर्देशक (दशौं तह)

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email:** akcbanke@gmail.com
**Website:** akcbanke.lumbini.gov.np

पत्र संख्याः २०८२/८३
सूचना नं.- ०६/०८२-८३

५. कार्यक्रम संचालनको लागि आधारभूत तथ्याङ्क फारम (अनुसूचि ७ बमोजिम) तथा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि र जग्गाको हालसालै तिरो तिरेको रसिद।

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

७. प्रस्ताब माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी/वन/जल उपभोक्ता समिति )।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

९. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष अवधिको करारको पत्र तथा जग्गाको तिरो तिरेको रसिद।

१०. दोहोरो अनुदान नलिएको स्वघोषणा

पुनश्चः
१.प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनमा पेश गर्नु पर्ने छ।
२. थप विस्तृत जानकारीका लागि कार्यालयको फोन नः- ०८१५३००२७, सूचना अधिकारीको सम्पर्क नः- ९८५८०७०२२५ मा सम्पर्क गर्न सक्नुहुने छ ।

२०८२/०८/२२

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)